**सेवा समूह**:

१. (क) निजामती सेवामा हाल कायम रहेको दश वटा सेवामा सूचना प्रविधि सेवा थप गरियोस्।
   (ख) स्वास्थ्य सेवा र संसद सेवालाई पनि संघीय निजामती सेवामा समावेश गरियोस्।

२. कुनै पनि सेवा समूहको पदहरूको लागि न्यूनतम शैक्षिक योग्यता तोक्दा तल्लोदेखि माथिल्लो पदहरूसम्म शैक्षिक योग्यताको तह फरक भएपनि विषय एउटै गरियोस्।

**श्रेणी / तह :**

१. संघ, प्रदेश र स्थानीय तहमा श्रेणीगत वा तहगत जे गर्ने हो सबै तहमा एकरुपता कायम गरियोस्।

**भर्ना, छनौट तथा पदस्थापना**:

१. निजामती सेवाको भर्ना र छनौट प्रक्रियालाई बैज्ञानिक, व्यवस्थित र बस्तुगत बनाईयोस्।

२. सेवामा बहाल रहेको कर्मचारीलाई खुला तथा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन उमेरहद नलाग्ने वर्तमान व्यवस्था यथावत कायम राखियोस्।

३. संघीय निजामती सेवाको पदपूर्ति :

| सि नं | तह/श्रेणी | खुला प्रतियोगिता | आन्तरिक प्रतियोगिता | अन्तर तह प्रतियोगिता | बढुवा (जेष्ठताबाट) | बढुवा (कार्यक्षमता) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्रेणी बिहिन/ राजपत्र अनंकित पाँचौ | १००% | | | | | |
| २ | राजपत्र अनंकित द्वितीय | ६०% | १०% | | २०% | १०% | |
| ३ | राजपत्र अनंकित प्रथम | ४०% | | | ४०% | २०% | |
| ४ | राजपत्रांकित तृतीय | ५०% | १०% | १०% | ३०% | | |
| ५ | राजपत्रांकित द्वितीय | १०% | १०% | १०% | ५०% | २०% | |
| ६ | राजपत्रांकित प्रथम | १०% | १०% | १०% | ५०% | २०% | |
| ७ | राजपत्रांकित विशिष्ट | | | | ३०% | ७०% | |

४. निश्चित तहको पदमा तोकिए बमोजिम सेवा अवधि र शैक्षिक योग्यता भएका निजामती सेवा बाहिरका व्यक्तिहरूलेपाए सरह राजपत्राङ्कित द्वितीय तथा प्रथम श्रेणीको पदमा खुल्ला प्रतिस्पर्धा गर्न तोकिए बमोजिम सेवा अवधि र शैक्षिक योग्यता हाँसिल गरेका राजपत्र अनंकित द्वितीय तथा प्रथम एवं राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीहरूले पनि पाउने व्यवस्था गरियोस्।

५. निजामती सेमामा रहेको आरक्षण व्यवस्थालाई विस्तृत अध्ययनका साथ व्यवस्थित गरियोस्।

६. लोक सेवा आयोगबाट खुला तथा बढुवा प्रणालीद्वारा सिफारिस भएका कर्मचारीहरूलाई लोकसेवा आयोगको सिफारिस योग्यता क्रम अनुसार नै पदस्थापन गर्ने व्यवस्था गरियोस्।

७. योग्यता र क्षमतालाई आधार बनाई Right man in right place को अवधारणा अनुसार पदस्थापना प्रणाली बिकास गरियोस्।

८. प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू र प्रदेश निजामती सेवा ऐन, र स्थानीय सेवा ऐन जारी नभएको सन्दर्भमा कर्मचारी समायोन ऐन, २०७५ बमोजिम पछिल्लो पटक लोकसेवा आयोग पास गरी स्थानीय तहमा नियुक्त भएका ९,१६१ कर्मचारीहरूलाई पनि निजामती कर्मचारीहरूको परिभाषामा समेट्न र निजहरूको सेवा, सुविधा र वृत्ति विकासको सुनिश्चितता गरियोस्।

९. वर्षौंवर्ष करारमा कार्यरत कर्मचारीहरूलाई महंगी भत्ता, भैपरी/पर्व, विरामी, प्रसुती तथा असक्त विदाको व्यवस्था गर्नका साथै निश्चित अवधि अटूट रुपमा करारमा काम गरिरहेका कर्मचारीहरूलाई उपदानको व्यवस्था गरियोस्।

१०. अस्थायी तथा व्यक्ति करारमा वर्षौंवर्ष कार्यरत कर्मचारीलाई प्रकृया पुऱ्याएर स्थायी गरियोस्। आगामी दिनहरूमा मौजुदा व्यक्ति करारमा कार्यरत कर्मचारी भन्दा थप आवश्यक भएमा संस्थासँग करार गरी  सेवा लिने व्यवस्था गरियोस्।

**सरुवा सम्वन्धमा:**

१. निश्चित मापदण्ड, समय र परिस्थितिको समेत विचार गरी चक्रीय, वैज्ञानिक र पूर्वानुमानयोग्य सरुवा प्रणालीको विकास गरी लागू गरियोस्।

२. समायोजन ऐन २०७५ बमोजिम निजामती सेवाबाट संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूलाई निश्चित समयावधि पश्चात एक पटकलाई आफुले चाहेको तह (संघ/प्रदेश/स्थानीय) मा सरुवा भई जान पाउने व्यवस्था गरियोस्।

३. प्रदेश सेवामा कार्यरत कर्मचारीलाई सम्बन्धित प्रदेश तथा स्थानीय तहमा र स्थानीय तहमा कार्यरत कर्मचारीलाई सम्बन्धित प्रदेश तथा प्रदेश अन्तर्गतको स्थानीय तह भित्र सरुवा हुन सक्ने व्यवस्था गरियोस्।

**बढुवा सम्वन्धमा :**

१. बिगतदेखि नै चर्चामा रहेको तहगत प्रणालीलाई वैज्ञानिक एवं व्यवस्थित रुपले तत्काल सबै तहमा लागू गरियोस्।

२. एउटै श्रेणीको पदमा १० वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेका कर्मचारीलाई विशेष पद सृजना गरेरै भए पनि माथिल्लो श्रेणीको पदमा बढुवा गरिने र एउटै तहमा ५ वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको भए माथिल्लो तहमा बढूवा गर्ने व्यवस्था गरियोस्।

३. जिल्ला स्थित रिक्त पदमा बढूवा हुनको लागि उक्त जिल्ला वा अन्तर्गतका कार्यालयहरूमा कम्तिमा १ वर्षा रुजु हाजिर भएको हुनु पर्ने व्यवस्था गरियोस्।

४. सबै तह र सेवाका पदहरूमा समान किसिमको बढुवा प्रणाली कायम गर्दै Batch Promotion प्रणाली, आन्तरिक, अन्तरतह र खुला प्रतिस्पर्धाको व्यवस्था गरी अन्य श्रेणी र पदको पदपूर्तिमा भएको हालको व्यवस्था यथावत राखियोस। यो व्यवस्था संघीय निजामती सेवाबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भई गएका निजामती कर्मचारीहरूको हकमा समेत लागू हुने व्यवस्था गरियोस्।

५. प्रदेश तथा स्थानीय तहमा छैटौं तहमा समायोजन भएका कर्मचारीहरूको वृत्ति विकास साँघुरो हुन नदिन प्रदेश तथा स्थानीय तहमा सेवा प्रवेश पद सातौं तहको सट्टा छैट्टौं तह गरिनु पर्दछ। र छैटौं तहबाट सातौं तहमा वृत्ति विकासको लागि प्रतिशत बढाईयोस्।

६. विभिन्न सेवा समूहबाट समायोजन ऐन बमोजिम संघ/प्रदेश/स्थानीय तहमा साविकको भन्दा फरक सेवा समूहको पदमा समायोजन भएका कर्मचारीहरु तोकिए बमोजिम सेवा अवधि र योग्यता पुगेको छ भने समायोजित सेवा समूहको पद भन्दा माथिल्लो पदमा बढुवाको लागि प्रतिश्पर्धा गर्न पाउने ब्यवस्था गरियोस।

७. स्थानीय तहका कर्मचारीले प्रदेशमा र प्रदेशका कर्मचारीहरूले संघको रिक्त पदमा बढुवाको लागि प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरियोस्।

८. बहालवाला कर्मचारीले लोकसेवा आयोगको परीक्षा पास गरी माथिल्लो पदमा नियुक्त भएमा साविकको पदको सेवा अवधि जोड्न पाउने र कर्मचारीले स्थायी नियूक्ति लिनु भन्दा अघि स्थायी वा विकास तर्फको पदमा निरन्तर सेवा गरेको भए त्यस्तो सेवा अवधि समेत जोडाउन पाउने व्यवस्था गरियोस् र यस्तो सेवा अवधि जोडन छुट भएकाहरूको हकमा एक पटकलाई निश्चित समयावधि तोकी सेवा अवधि जोडन पाउने व्यवस्था गरियोस्।

९. बढुवा प्रयोजनको लागि दुर्गम क्षेत्रमा काम गरे वापत प्राप्त हुने भौगोलिक क्षेत्रको अंकमा वृद्धि गरीयोस । साथै बढुवाको लागि योग्य हुन दुर्गम स्थानमा निश्चित अवधि रुजु हाजिर भई सेवा गर्नै पर्ने व्यवस्था गरियोस् ।

१०. दश बर्ष सेवा अवधि पुरा भएका श्रेणी विहीनः वनरक्षक, गेमस्काउट, कार्यालय सहयोगी, हुलाकी-हल्कारा लगायत सम्पूर्ण श्रेणी विहिन कर्मचारीलाई उपयुक्त पदनाम सहित पदोन्नति हुने व्यवस्था गरियोस्।बढुवा प्रयोजनका लागि अनिवार्य गरिएका तालिम सर्वशुलभ रूपमा लिन सक्ने गरियोस्।

११. स्वास्थ्य सेवा अन्तर्गत नर्सिङ् सेवा लगायतका पदहरुमा बढुवाको लागि दुर्गम क्षेत्रमा सेवा गर्नै पर्ने व्यवस्था भएको तर दुर्गम क्षेत्रमा रहि सेवा गर्न कति पय पदहरुको पर्याप्त दरबन्दी नभएका कारण वृत्ति विकास वीसौ वर्षसम्म हुन नसकेको यथार्थतालाई ध्यानमा राखी दुर्गम क्षेत्रमा अनिवार्य सेवा गर्नु पर्ने बाध्यता हटाई दुर्गम क्षेत्रमा काम गरेको भौगोलिक अंक बढी कायम गरी हालको निजामति सेवा ऐनमा भएको जस्तै ब्यवस्था गरियोस ।

१२. मौजुदा निजामती सेवा ऐनको दफा २० र दफा ३५ मा भएको विशेष बढुवा (अवकास हुनु भन्दा १ महिना अघि एक श्रेणी माथिको पदमा गरिने बढुवा आदी)को व्यवस्था यथावत राखी एउटै श्रेणीको पदमा १५ बर्ष सेवा अवधि गरेको भन्ने सट्टा १० वर्ष भन्दा बढी सेवा अवधि भएकोले पाउने ब्यवस्था गरियोस्।

१३. एउटै पदमा कम्तिमा १० वर्ष सेवा गरेका र उमेर ५० पुरा भई निरवृत्तभर प्राप्त गर्ने सेवा अवधि पुगेका कर्मचारीले एक श्रेणी बढुवा भई अवकास लिन चाहेमा त्यस्तो कर्मचारीलाई एक श्रेणीको पदमा बढुवा गरी अवकाश दिने व्यवस्था गरियोस्। यो व्यवस्था मौजुदा ऐनले रा.प. प्रथम र द्वितीय श्रेणीका कर्मचारीलाई मात्र छ।

१४. जुन सुकै सेवा समुहको पदमा सेवा प्रवेश गर्दा तोकिएको विषयको न्यूनतम शैक्षिक योग्यता भन्दा सोहि विषयमा माथिल्लो शैक्षिक योग्यता हाँसिल गरेमा माथिल्लो पदमा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेको मान्यता दिने व्यवस्था गरियोस्।तोकिएको तहको शैक्षिक योग्यता भए पनि विषय नमिलेकै कारण वृत्ति विकासको अवसरबाट कुनै पनि कर्मचारीलाई बन्चित नगरियोस्।

१५. कुनै पनि श्रेणीको पदमा सेवा प्रवेशका बखत तोकिएको न्यूनतम योग्यतानै उक्त पद भन्दा माथिल्लो पदमा बढुवाको लागि न्यूनतम योग्यता हुने ब्यवस्था गरियोस् ।

१६. आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिने राजपत्राकिंत प्रथम श्रेणीसम्मको पदमा सो पदका लागि तोकिए बमोजिम सेवा अवधि र योग्यता पुगेका यस ऐन, ब्यवस्थापिका-संसद सचिवालय सम्बन्धि ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुने छन् भनि साविकको निजामती सेवा ऐनको दफा ७ को उपदफा १४ मा संशोधन गरि संघीय निजामती सेवा ऐनमा ब्यवस्था गरियोस् ।

१७. कुनै पनि पदको माथिल्लो पद भएको तर शैक्षिक योग्यता भएर पनि विषय नमिलेका कर्मचारीहरु र माथिल्लो पदनै नभएको पदमा कार्यरत कर्मचारीहरू एउटै पदमा १० वर्षभन्दा बढी सेवा अवधि पुरा गरेको छ भने माथिल्लो श्रेणीको विशेष पद शृजना गरेरै भएपनि बढुवा गर्ने व्यवस्था गरियोस्।

**सेवा सुबिधा :**

१. कर्मचारीहरूको उमेर हद ५८ बाट ६२ गरियोस्।
२. तत्कालिन सरकारले जारी गरेको कर्मचारी समायोजन ऐन, २०७४ बमोजिमको कर्मचारी स्वेच्छिक अवकास योजना ल्याइयोस्।
३. न्यूनतम जीवन निर्वाह गर्न पुग्ने गरी तलव भत्ताको व्यवस्था गर्नुका साथै ऐनबाटनै तलव भत्ता स्वचालित रुपमा वृद्धि हुने व्यवस्था गरियोस्।
४. भौगोलिक क्षेत्रको विभाजन वैज्ञानिक (भौगोलिक विकटता, सडक, विद्युत, टेलिफोन, इन्टरनेट, शिक्षा, स्वास्थ्यको पहुँचको अवस्था तथा राजधानी, जिल्ला सदरमुकाम, पालिका सदरमुकामको दुरी आदिको पनि विश्लेषण गरी ) रूपमा गरियोस्।
५. दुर्गम, हिमाली तथा जोखिमपूर्ण क्षेत्रमा कार्यरत कर्मचारीलाई थप आर्थिक सुविधा उपलब्ध गराउने व्यवस्था गरियोस्।
६. निजामती सेवामा कर्मचारी कल्याण कोषको व्यवस्था गरी सो मार्फत कर्मचारी र निजको परिवारको निशुल्क शिक्षा, स्वास्थ्य र आवासको आवश्यक प्रवन्ध गरियोस्। गम्भिर दुर्घटनामा परी अंगभंग भएका वा अन्य विपत्तिमा परी मृत्यु भएका कर्मचारीहरूको परिवारलाई सहायता गर्न केन्द्रीय कर्मचारी राहात कोष खडागरी संचालन सम्वन्धी व्यवस्था ऐनबाटनै गरियोस्।
७. परिक्षणकाल सकेर काममा रहेको जुनसुकै तहको स्थायी निजामती कर्मचारी सरकारी कामको सिलसिलामा वा सरकारले तोकेका ५ वाट ठुला रोग लागि मृत्यबरण गर्नु परेमा १० बर्ष तल सेवा अबधि र १० बर्ष माथीको सेवा अवधिलाई गणना गरेर आधारभुत तलब स्केलको निश्चित % पारिबारिक निबृतिभरण पाउने ब्यवस्था गर्ने
८. Pay for performance को अवधारणालाई संघीय निजामती सेवा ऐन तथा नियममावलीमा नै व्यवस्था गरी कार्यान्वयनमा ल्याइयोस्।
९. निजामती सेवाको समान पदमा समेत विभिन्न सेवा समुह र-कार्यालयको आधारमा सेवा सुविधा वितरणमा रहेको विभेदलाई अन्त्य गरी समनता कायम गरियोस्।
१०. मन्त्रालयगत र जिल्लागत रुपमा समेत निजामती सेवा पुरस्कारको व्यवस्था गरियोस्।
११. निजामती कर्मचारीहरूको घरविदा १८० दिन मात्र संचित हुने प्रावधानलाई पुनरावलोकन गरी थप विदा संचित गर्ने वा १८० दिनभन्दा बढी दिनको रकम सोहिवर्ष भित्र भुक्तान हुने व्यवस्था गरियोस्।
१२. निजामती कर्मचारी र उनीहरूको परिवारको लागि राशन कार्डको व्यवस्था गरी सहज र सुलभ रुपमा थप सुविधा उपलब्ध गराइयोस्।
१३. नेपाल सरकारका सबै निकायहरूमा समानताका आधारमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरियोस्।

१४. एक महिनाको तलव बराबरको भत्ता सहित १५ दिनको पर्यटन विदाको व्यवस्था गरियोस्।
१५. कर्मचारीका आश्रित परिवार (श्रीमान वा श्रीमती) लाई आजीवन शतप्रतिशत पेन्सन व्यवस्थाका गरियोस्।
१६. संचयकोष र नागरिक लगानी कोषबाट हुने ऋण सापटीमा चक्रीय ब्याज प्रणाली हटाई कोषबाट प्रदान हुदै आएको आवास ऋण सुविधा नेपालभर लागू गरियोस् र कर्मचारीको संचित रकमको ६० प्रतिशत रकम विना ब्याज सापट्टी लिन पाउने विगतको झै व्यवस्था गरियोस्।
१७. नेपाल सरकारले छुट्टै कोषको व्यवस्था गरी विना धितो शुन्य प्रतिशत व्याजदरमा पचास लाखसम्म कर्मचारीहरूलाई सहुलियत ऋणको ब्यवस्था गरियोस्।
१८. निजामती अस्पताललाई सात वटै प्रदेशमा विस्तार गरी यसको स्तर तथा क्षमता बृद्धि एवम् सर्वशुलभ सेवा प्रवाह गर्ने व्यवस्थाका साथै यसबाट कर्मचारी तथा कर्मचारी परिवारलाई प्रदान गरिने सेवा पूर्ण रुपमा नि:शुल्क गरियोस्। निजामती अस्पताल नभएका जिल्लाका कर्मचारीहरूको हकमा जिल्ला, प्रादेशिक र संघीय अस्पतालबाट समेत यसै किसिमको सेवा सुबिधा उपलब्ध गराउने व्यवस्था गरियोस्।
१९. कृषि, पशु, वन, स्वास्थ्य आदिसेवा/समुह अन्तर्गतका फिल्डमा काम गर्ने कर्मचारीहरूलाई थपफिल्ड भत्ता सहित फिल्ड कार्यालय स्थापना गर्ने प्रवन्ध गरियोस्। साथै जोखिम पूर्ण कार्यमा कार्यरत कर्मचारीहरूलाई जोखिम भत्ताको व्यवस्था गरियोस्।
२०. निवृत्तभरणको हिसाव गर्दा जम्मा सेवा अवधिगुणा आखिरी तलबको रकम भागा ५० लाई संशोधन गरि भागा ४० गरियोस्।
२१. सुरू निवृत्तभरण रकम सेवानिवृत्त हुदाका बखत खाईपाई आएको रकम भन्दा बढि नहुने भनी मौजुदा ब्यवस्थामा संशोधन गरियोस्।
२२. मौजुदा ऐनको दफा ३७ (३) को व्यवस्था (सम्वत् २०४९ साल कार्त्तिक २१ भन्दा अघिदेखि निजामती सेवामा बहाल रहेका कर्मचारीहरुको लागि) यथावत कायम राखियोस्।
२३. स्थानीय तहमा कार्यरत तत्कालिन स्थानीय निकायका कर्मचारीहरुको स्तर वृद्धिको व्यबस्था गरि तत्काल कार्यान्वन हुने व्यबस्था गरियोस ।

**<u>तालिम</u>:**

१. संगठन र कर्मचारीको आवश्यक्ताका आधारमा तालिम कार्यक्रमको आयोजना गर्ने व्यवस्था गरियोस्।
२. सबै तहका कर्मचारीहरूलाई अनिवार्य /आधाभूत तालिम नीतिगत रुपमा लागू गरियोस्।
३. बढुवाको लागि भन्दा पनि क्षमता बिकासका लागि तालिम प्रदान गर्ने व्यवस्था गरियोस्।

४. वैदेशिक तालिम तथा अध्ययन भ्रमणको शिलशिलामा देखिएको असमानता हटाई वैदेशिक तालिम तथा भ्रमणमा सबै सेवा, समूह र तहका कर्मचारीहरूलाई समान रुपले सहभागि हुन पाउने वातावरणको निर्माण गरियोस्।

**आचरण, दण्ड, सजाय र पुरस्कार सम्वन्धमा:**

१. मौजुदा निजामती सेवा ऐन २०४९ (संशोधन सहित) मा भएको व्यवस्था यथावत राखियोस्।

२. निजामती सेवा ऐनमा हाल भएको आचरण र अनुशासन सम्बन्धि प्रयाप्त व्यवस्था हुँदाहुदै पनि नकारात्मक सोचका साथ अनावश्यक,अलोकतान्त्रिक प्रावधानहरू ऐनमा समावेश नगरियोस्।

**ट्रेड युनियन सम्वन्धमा:**

१. निजामती सेवा ऐन २०४९ (संशोधनसहित) को दफा ५३ मा भएको राजपत्राङ्कित तृतीय श्रेणी सम्मका निजामती कर्मचारी (कार्यालय प्रमुख बाहेक)हरू ट्रेड युनीयनमा सहभागी हुन पाउने गरी राष्ट्रिय स्तरका ट्रेड युनीयन सहित सामाजिक संवाद र सामुहिक सौदावाजी अधिकार भएको समावेसी चरित्रको आधिकारिक ट्रेड युनीयन गठन र संचालन सम्बन्धि मौजुदा व्यवस्था जस्ताको तस्तै राखियोस्। साथै संघ, प्रदेश र स्थानीय तहमा समेत एकिकृत ट्रेड युनियन अधिकारको प्रबन्ध गर्ने व्यवस्था मिलाइयोस्।

२. स्वास्थ्य सेवा तथा संसद सेवा अन्तर्गतका कर्मचारीहरू एवं पछिल्लो पटक लोकसेवा आयोग पास गरी स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरूलाई पनि आवश्यक कानूनी प्रवन्ध गरी आगामी आधिकारिक ट्रेड युनीयनको निर्वाचनमा सहभागी हुन पाउने व्यवस्था गरियोस्।

३. निजामती कर्मचारीसँग सरोकार राख्ने नीति तथा कानून निर्माण गर्दा आधिकारिक ट्रेड युनियनको सहभागिता अनिवार्य हुने व्यवस्था संघीय निजामती सेवा ऐनमा गरियोस्।

४. तलव भत्ता पुनरावलोकन समिति ,कर्मचारी कल्याण समिति ,कर्मचारी संचय कोष, नागरिक लगानी कोष लगायतका कर्मचारीसँग सरोकार राख्ने संस्थाका संचालक समितिमा आधिकारिक ट्रेड युनीयनको प्रतिनिधित्व सुनिश्चित गरियोस्।

**कर्मचारी सुरक्षा:**

१. विभिन्न स्थानमा कार्यरत कर्मचारी र उनीहरूको परिवारको जिउधनको सुरक्षा हुने किसिमको शान्ति सुरक्षाको वातावरण सृर्जना गरियोस्।

२. द्वन्दबाट पिडीत कर्मचारीहरूको लागि स्वास्थ्य उपचार, उचित क्षतिपूर्ति र द्वन्दको कारणबाट मृत्यु भएका कर्मचारीहरूलाई सहिद घोषणा गरी उनीहरूको परिवारलाई आर्थिक सहायता एवं रोजगारीको व्यवस्था गरियोस्।

३. शान्तिसुरक्षाको दृष्टिले संवेदनशील जिल्ला तथा तहमा कार्यरत कर्मचारीहरूको सुरक्षाको लागि विशेष सुरक्षा संयन्त्र निर्माण गरियोस्।

४. मौजुदा निजामती सेवा ऐन २०४९ (संशोधन सहित) को दफा ५८ मा भएको "सेवा शर्तको सूरक्षा" सम्बन्धी व्यवस्थासँग नबाझने गरी ऐन निर्माण गरियोस्।

<u>निजामती सेवाको सुधार</u>ः

१. नेपालको संविधान २०७२ अनुकुल हुने गरी संघीय निजामती सेवा ऐन प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन जारी गरियोस्।

२. आर्थिक रुपमा सबल, राजनैतिक रुपमा निष्पक्ष, सामाजिक, सांस्कृतिक रुपमा प्रतिष्ठित, नैतिक रुपमा मर्यादित तथा व्यवसायिक रुपमा कुशल, दक्ष एवं प्रभावकारी निजामती सेवाको विकास गरियोस्।

३. सवल, सक्षम, व्यवसायिक, उत्प्रेरित र उच्च मनोवल युक्त निजामती प्रशासनको विकासका लागि आवश्यक व्यवस्था गरियोस्।

४. निजामती कर्मचारीहरूको भर्ना, छनौट, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, तालिम तथा अध्ययन भ्रमण लगायतका विषयमा योग्यता निष्पक्षता र स्वच्छता कायम गरियोस्।

५. संगठनात्मक विकास, कार्यवातावरणमा सुधार, वस्तुनिष्ठ कार्यसम्पादन मुल्यांकन लगायका व्यवस्था होस् ।

६. संचयकोष, उपदान, निवृत्तिभरण लगायतका विविध विषयमा समसामयिक सुधार गरी संघीय निजामती सेवा ऐन शिघ्र निर्माण गरि लागू गरियोस्।

५. निजामती सेवालाई लैङ्गिक मैत्री बनाउने, कार्यक्षेत्रमा लैङ्गिक हिंसा बिरुद्ध अभियान संचालन गर्ने, प्रसुती विदा १५दिन ब ३० दिन र प्रसुती स्याहार विदा कम्तिमा 0नाई प्रसुती स्याहार भत्ता बृद्धि गरियोस ।

६. सवै स्थानीय तहप्रदेश र केन्द्रीयस्तरका कार्यालय ,जिल्ला ,हरूमा शिशु स्याहार केन्द्र संचालन गर्ने व्यवस्था गरियोस्।

७. विवाह गर्ने निजामती कर्मचारीलाई एक पटकको लागि १५ दिनको विवाह विदाको व्यवस्था गरियोस्।

७. सरकारी कार्यालयहरू अशक्त तथा अपाङ्ग मैत्री बनाईयोस्।

८. हुलाकी एवं हल्कारालाई मुख्य काम गर्ने पदमा रुपान्तरण गरी रिक्त पदहरूमा स्थायीपूर्ति गर्ने ब्यवस्था मिलाईयोस्।

९. निजामती सेवालाई विद्युतीय प्रणालीमा लैजाने तथा सेवा प्रवाहमा टोकन प्रणाली, नागरिक बडापत्रको प्रयोग र  फ्रण्टलाइन डेस्कको ब्यवस्था गरियोस्।

**<u>अवकास</u>** :

१. सेवा निवृत्त कर्मचारीहरूको अनुभवसीप र क्षमता राष्ट्र निर्माणमा उपयोग हुने ,ज्ञान ,योग्यता , वातावरणबनाईयोस्।

२. निजामती कर्मचारीको अवकास पछिको जीवन सहज र सरल बनाउनका लागि जीवनोपयोगी तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गर्ने व्यवस्था गरियोस्।

**<u>सेवाको प्रभावकारिता</u>** :

१. विभिन्न निकायहरूद्धारा प्रदान गरिने सेवा प्रवाहमा एकद्धार प्रणाली लागु गरियोस्।

२. कर्मचारीहरूलाई परेका पिरमर्का र गुनासो सुनवाई गर्न र अन्याय हुन नदिन प्रभावकारी संयन्त्र बनाईयोस्।

३. मुस्कान सहित नागरिकलाई सेवा प्रवाह गर्ने गराउने अनुकुल वातावरण बनाई/योस्।

४. सरकारी सेवाको वरिपरि जनता होईन जनताको वरिपरिसरकारी सेवा भन्ने मान्यतालाई मूर्तरुप दिन गाँउगाँउ र टोल टोलमा  घुम्ती सेवा संचालनको व्यवस्था गरियोस्।

५. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको व्यापक प्रयोग गरी पारदर्शिता र प्रभावकारिता कायम गरियोस्।

जय नेपाल ! जय युनियन !

गोपालप्रसाद पोखरेल

अध्यक्ष